# माडी नगरपालिकाको पन्ध्रौं नगर सभामा नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**सम्मानित नगर सभाका सदस्यज्यूहरू,**

माडी नगरपालिकाको पन्ध्रौं नगर सभाको शुभ अवसरमा देशको लोकतान्त्रिक आन्दोलनमा ज्यान गुमाउनुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। समुन्नत माडी र सुखी माडीवासीको सङ्कल्पलाई अङ्गीकार गर्दै स्थानीय सरकारको दोस्रो कार्यकालको यात्रामा हाम्रा सिकाइहरूमा निखरता र समृद्धिमा अपेक्षित उपलब्धि हासिल गर्नतर्फ अग्रसर भईरहेका छौं। हालसम्मका उपलब्धिहरूलाई संस्थागत बनाउँदै थप गतिशीलता, सिर्जनशीलता र कार्यदक्षताको नयाँ मार्गतर्फ नगरपालिकालाई अग्रसर गराउन हाम्रो नीति तथा कार्यक्रमको मुख्य ध्येय रहेको छ । विगतका वर्षहरूमा जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरणीय संरक्षण र विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत सुदृढीकरणका क्षेत्रलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताको केन्द्रमा राखेको छ । कृषि, पशुपालन र पर्यटन सम्बन्धी पूर्वाधार निर्माण र मानव विकासद्वारा माडी नगरपालिकाको "सम्पदा सम्पन्न माडी नगर, इको-कृषि र पर्यटनको सहर" को दीर्घकालीन सोच पुरा गर्न तर्फको यात्रालाई हाम्रा नीति तथा कार्यक्रमले उल्लेख्य योगदान पुर्याउने विश्वास लिएको छु ।

**अब म आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरू प्रस्तुत गर्न अनुमति चाहन्छुः**

- ❖ नेपालको संविधानको प्रस्तावना, भाग- १८ र १९, अनुसूची ८ को एकल अधिकार सूची र अनुसूची ९ ले निर्दिष्ट गरेका साझा अधिकार सूचीहरू, मौलिक हकहरू, राज्यको निर्देशक सिद्धान्त र नीतिहरू,
- ❖ संघीय सरकार र प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- ❖ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- ❖ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संसोधन सहित),
- ❖ संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरू,
- ❖ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरू,
- ❖ राजस्व परामर्श समितिको प्रतिवेदन,
- ❖ श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरू,

- ❖ बजेट तथा योजना तर्जुमा समिति तथा विषयगत समितिहरूले दिएका सिफारिसहरू,
- ❖ विगत वर्षहरूमा सम्पन्न भएका नगर सभा बैठकहरूबाट भएका निर्णयहरू,
- ❖ नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरू,
- ❖ विभिन्न विषयगत शाखाहरूबाट प्राप्त राय सल्लाह तथा सुझावहरू
- ❖ दिगो विकासका लक्ष्यहरू
- ❖ सरोकारवाला पक्षहरूबाट विभिन्न माध्यमबाट प्राप्त भएका अभिमतहरू ।

नगर सभाका सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू पेश गर्न चाहन्छु ।

"सम्पदा सम्पन्न माडी नगर, इको-कृषि र पर्यटनको सहर" को दीर्घकालीन दृष्टिकोण अनुसार निम्न उद्देश्यहरू लिइएको र क्षेत्रगत एवं विषयगत नीतिहरू तयार गरिएको बेहोरा निवेदन गर्न चाहन्छु ।

१. कृषि र पर्यटन विकास मार्फत नागरिकको जीवनस्तरमा उन्नति गर्ने

२. नागरिकलाई प्रभावकारी सेवा प्रवाह, आर्थिक समृद्धि र स्थानीय सुशासन सुनिश्चित गर्ने

३. "माडी नगर" लाई समृद्ध र समुन्नत नगरको रुपमा संस्थागत गर्दै जाने ।

## १. नगर सभाका सदस्यज्यूहरू, अब म आर्थिक विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रमहरू पेश गर्न अनुमति चाहन्छु ।

### १.१. व्यवसायिक पशुपालनः आत्मनिर्भर पशुजन्य उत्पादन

१.१.१. माडी नगरलाई खोरेत रोगमुक्त क्षेत्र घोषणा गर्ने र दुध उत्पादनमा वृद्धि, दुग्धजन्य पदार्थको विविधीकरणको लक्ष्यसहित "खोरेत मुक्त सेतो माडी" कार्यक्रम लागु गरिनेछ, जसअन्तर्गत खोरेत रहित दुध प्रवर्धन गरी गुणस्तरीय दुध उत्पादन गरिनेछ। कृषकबाट सङ्कलन गरिएको कच्चा दुधलाई सहकारी संस्थामार्फत् प्रशोधन, प्याकेजिङ्ग तथा ब्राण्डिङ गरी बजारसम्म पुर्याउने व्यवस्था गरिनेछ ।

१.१.२. पशुहरूलाई सङ्क्रामक तथा आर्थिक महत्वका रोगहरूबाट जोगाउन नगरभित्रका सबै वडाहरूमा नियमित, अभियानमुखी तथा नि:शुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ। रेविज रोग नियन्त्रण गर्न अभियानमुखी रेविज खोप कार्यक्रम सञ्चालन गरिनेछ।

१.१.३. उन्नत जातको गाईभैंसी प्रजनन (नस्ल सुधार), पोषण व्यवस्थापन र सन्तुलित आहार प्रवर्धन गरी दुधको मात्रा र गुणस्तरमा सुधार ल्याई विविध दुग्धजन्य उत्पादनमा कृषकलाई प्रोत्साहन गरिनेछ।

१.१.४. जनशक्ति, तालिम, उपकरण र प्रविधि सुलभ गराई हरेक कृषकको पहुँचमा गुणस्तरीय प्रोविधिक सेवा पुऱ्याइनेछ। मेशिनरी उपकरण सहुलियतमा उपलब्ध गराइनेछ।

१.१.५. पशु सेवा केन्द्रको सुदृढीकरण गरिनेछ र घरमै सेवा पुर्याउने हर्ड हेल्थ कार्यक्रम मार्फत मोबाइल टोली सञ्चालन गरी सेवा विस्तार गरिनेछ।

१.१.६. उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ। मासु तथा माछाको उत्पादनमा आधारित अनुदान कार्यक्रमको सम्भाव्यता अध्ययन गरी सोहि अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ। पशु बिमा तथा क्षतिपूर्ति कार्यक्रम समेत सञ्चालन गरिनेछ।

१.१.७. माडी नगरको भेटेरिनरी अस्पताललाई अत्याधुनिक यन्त्र—उपकरणले सुसज्जित गरी रोग पहिचान तथा उपचारको गुणस्तरमा सुधार ल्याइनेछ।

१.१.८. बहुवर्षीय घाँस तथा आहारा विकास, भूमिको उचित उपयोग र गोठ सुधार अभियानमार्फत् दिगो पशुपालनको पूर्वाधार विकास गरिनेछ।

१.१.९. स्थानीय युवालाई लक्षित गरी व्यावसायिक पशुपालनको तालिम, सहुलियत ऋण, प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना र गाउँमै आम्दानीको स्रोत वृद्धि गरिनेछ।

१.१.१०. प्रत्येक वडाको भौगोलिक तथा सामाजिक संरचना अनुसार पशुपालन, कुखुरा, हाँस, बाख्रा, वा माछा उत्पादनमा एकीकृत योजना सञ्चालन गरिनेछ।

१.१.११. मौजुदा पोखरी तथा जलस्रोतको दिगो उपयोग गर्दै माछा उत्पादनमा वृद्धि गरिनेछ। "माडी माछा" जस्ता स्थानीय ब्रान्ड सिर्जना गरी प्रशोधन, प्याकेजिङ्ग र बजारीकरण गरिनेछ। माछामा नश्ल सुधार कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

१.१.१२. पर्यटन र होमस्टे सेवा प्रवर्धन गरी स्थानीय पशुपालक कृषकलाई प्रोत्साहन गर्ने गरी यस्ता सेवा दिने क्षेत्रहरूमा स्वादिष्ट, जैविक र स्थानीय खानाको आपूर्ति गर्न हाँस र स्थानीय कुखुराको व्यावसायिक पालन प्रवर्धन गरिनेछ।

१.१.१३. बजारको माग अनुसार उच्च मूल्य प्राप्त गर्ने प्रजातिहरू (बाख्रा, भैंसी, लोकल कुखुरा, हाँस आदि) को उत्पादनमा जोड दिइनेछ ।

## १.२. व्यावसायिक कृषिः माडीको समृद्धि

१.२.१. पूर्ण सिञ्चित माडीको दीर्घकालीन लक्ष्यलाई निरन्तरता दिँदै भूमिगत तथा सतह सिंचाई, साना सिंचाई एवम् पाइप लाइनिगं निर्माण तथा विस्तारलाई प्राथमिकता दिइनेछ ।

१.२.२. कृषि क्षेत्रको यान्त्रिकीकरण, व्यावसायीकरण, वैज्ञानिकीकरण, विविधीकरण तथा बजारीकरणमा जोड दिई विदेशवाट फर्किएका र स्वदेशमै रहेका युवाहरूलाई कृषिमा आकर्षित गर्दै आय आर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिने छ ।

१.२.३. घुम्ती माटो परीक्षण र प्लान्ट क्लिनिक कार्यक्रमलाई व्यापक रुपमा सञ्चालन गर्दै कृषि प्रयोगशालाको समेत थप स्तरीकरण र विकास गरिनेछ । कृषि रसायनहरूको प्रयोगबाट मानव, पशुपंक्षी, माटो तथा वातावरणमा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न रासायनिक विषादी प्रयोग न्यूनीकरण अभियान सञ्चालन गरिनेछ ।

१.२.४. उन्नत तथा हाइब्रिड बिउ उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिने छ । खाद्यान्नवालीको बिउमा माडीलाई आत्मनर्भिर बनाइनेछ ।

१.२.५. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै व्यावसायिक फलफुल, तरकारी, खाद्यान्नवाली, च्याउ तथा मौरी पकेट कार्यक्रमहरू संचालन गरिनेछ । साथै, प्राङ्गारिक मलको उत्पादन, प्रयोग तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ ।

१.२.६. स्थानीय उत्पादनहरूलाई बजारसँग जोड्न माडी ४, सिधुवामा निर्माणाधीन कृषि हाट बजारलाई पूर्णता दिँदै अन्य वडाहरूमा समेत क्रमैसँग विकास तथा विस्तार गरिनेछ । कृषि उपजको बजारीकरणलाई प्रवर्धन गर्न गोदाम घर र कोल्ड च्याम्बर निर्माण गर्ने नीति लिइनेछ । कृषि उत्पादन तथा बजारीकरणलाई प्रवर्धन गर्न माडी नगरपालिकाको ब्राण्डिङ हुने गरी विक्री गरिने बाली बस्तुको ब्राण्ड प्रवर्धन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

१.२.७. सरकारी लगानी समेतमा निर्माण भएका भूमिगत सिञ्चाई बोरिङ्गको प्रयोगलाई कृषकमैत्री बनाउन दररेट निर्धारण गरिनेछ ।

१.२.८. किसान सूचीकरण र वर्गीकरण सहित कृषि तथ्याङ्कलाई व्यवस्थित गरी नगर कृषि प्रोफाइलको निर्माण गरिनेछ । किसान परिचयपत्रमार्फत् मल, बिउ तथा अन्य कृषि अनुदानका कार्यक्रमहरूलाई व्यवस्थित बनाइनेछ । सीमान्तकृत तथा विपन्न कृषकहरूलाई दिइने अनुदान प्रतिशतमा वृद्धि गरिनेछ।

१.२.९. भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाका आधारमा एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१.२.१०. सबै प्रकारका जमिनको वैज्ञानिक ढंगले वर्गीकरण गरी कृषि र गैर कृषि क्षेत्र निर्धारण गरिनेछ । कृषि क्षेत्रको जमिनको गैर कृषि क्षेत्रमा हुने प्रयोगलाई पूर्णतया निरुत्साहित गरिनेछ ।

१.२.११. चक्लाबन्दी, सामूहिक तथा करार खेतीलाई प्रवर्धन गरिनेछ । जग्गा बाँझो राख्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्दै प्रयोगमा नआई खाली रहेका सार्वजनिक जमिनलाई सम्भाव्यताका आधारमा घाँस खेती, जडिबुटी खेती, कृषि वन, फलफुल खेती आदिमा उपयोग गरी दीर्घकालीन आम्दानी तथा जीविकोपार्जनमा टेवा पुर्याइनेछ। भूमि बैङ्कको अवधारणा लागु गरिनेछ ।

१.२.१२. कृषि क्षेत्रमा लगानी आकर्षित गर्नका लागि व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई सरल र सहज बनाइनेछ। कृषि क्षेत्रमा महिलाहरूको सक्रिय संलग्नता वृद्धि गर्न महिलाको नेतृत्वमा सञ्चालन हुने कृषि व्यवसायको दर्ता तथा नवीकरण गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गरिनेछ ।

१.२.१३. अनुदान प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाइनेछ । अनुदानग्राहीको विवरण सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ। अनुदानको दुरुपयोग गर्ने कृषक, फर्म, कम्पनी, समूह तथा सहकारीहरूलाई कालोसूचीमा राखि कारवाही गरिनेछ । कालोसूचीमा परेका संस्थाहरूलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरूवाट वञ्चित गरिनेछ ।

१.२.१४. होमस्टे /फार्मस्टेहरूलाई कृषि पर्यटनसँग जोड्दै रैथाने र अर्गानिक खानेकुरालाई प्रवर्धन गरिनेछ । कृषि पर्यटन प्रवर्धनका लागि कृषि सर्किटको निर्माण तथा विकास गरिनेछ।

१.२.१५. कृषकहरूको वर्गीकरणका आधारमा सेवा सुविधा तथा अनुदान प्रतिशत निर्धारण गरिनेछ। कृषकहरूको माग, क्षमता, आर्थिक अवस्थालाई मध्येनजर गर्दै मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२.१६. कृषकसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरी कृषि प्राविधिकहरूवाट नियमित रुपमा कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरूमा फिल्ड भिजिट गरी परामर्श सेवा, अनुगमन तथा भेटघाट कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.२.१७. कृषि उपजहरूको विविधीकरणमा प्रोत्साहन गरिनेछ । सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्धनमा प्राथमिकता दिइने छ ।

१.२.१८. रैथाने वालीबस्तुको उत्पादन तथा संरक्षणमा जोड दिइनेछ । स्थानीय मौलिक सीप, ज्ञान र प्रविधिहरूलाई लिपिबद्ध गरी जगेर्ना गरिनेछ ।

१.२.१९. कृषि प्रसारमा सूचना प्रविधि तथा आम सञ्चार माध्यमको उपयोगलाई जोड दिइनेछ ।

१.२.२०. कृषकहरूको क्षमता अभिबृद्धि तथा व्यावसायिकता प्रवर्धनका लागि तालिम कार्यक्रमहरू संचालन गरिनेछ।

## १.३. श्रमको सम्मानः हाम्रो अभियान

१.३.१. एस.ई.ई सकेका तथा १२ कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई विशेष लक्षित गरी करिएर काउन्सिलका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.३.२. सुरक्षित वैदेशिक रोजगारीको लागि रिटर्नी स्वयंसेवक परिचालन गरी समुदाय स्तरमा सूचना प्रदान गरिनेछ।

१.३.३. वैदेशिक रोजगार बोर्डबाट वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरूलाई लक्षित गरी सञ्चालन हुने कार्यक्रममा पहुँच वृद्धि गर्न आवश्यक समन्वयलाई सुदृढ तुल्याइने छ ।

१.३.४. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरूको लागि सहजीकरण गरिनेछ।

१.३.५. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा संचालन गरिने छ।

१.३.६. वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ ।यस कार्यका लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

## १.४. माडी समृद्धिको आधारः पर्यटन र पूर्वाधार

१.४.१. सोमेश्वरगढीमा रहेका मूर्तिहरूको स्तरीकरणमा ध्यान दिइनेछ ।

१.४.२. नेपालका प्रमुख पर्यटकीय शहरहरूमा माडी पर्यटन दूत र माडी पर्यटन विस्तार काउन्टर निजी क्षेत्रसँगको सहकार्यमा स्थापना गरिनेछ ।

१.४.३. संरक्षण र सहभागितामा आधारित पर्यटन विकासको नीति अवलम्बन गरिनेछ । आरोग्य पर्यटनका लागि आवश्यक पहल गरिनेछ । एक वडा एक पर्यटकीय पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ।

१.४.४.आफ्नै सांस्कृतिक भवन नभएका सामुदायिक होमस्टेहरूमा सांस्कृतिक भवन निर्माण गरिनेछ।

१.४.५. गोद्धक देखि परशुराम कुण्ड हुदै बाल्मिकी आश्रमसम्म Trekking Trail निर्माणका लागि पहल गरिनेछ। साथै माडी आउने पर्यटकलाइ गोद्धक, परशुराम कुण्ड, सोमेश्वर गढी, धनलक्ष्मी छहरा हुदै सीता गुफा सम्मको पदयात्रा रुट निर्माण थालनी गरिनेछ।

१.४.६. भगिनी सम्बन्ध गासिएको भरतपुर महानगरपालिकासँग सहकार्य गरी माडी नगरपालिका वडा न ३ मा रहेको सिमरालाई भरतपुर-माडी संगतिया थारु ग्रामको रुपमा विकास गरिनेछ।

१.४.७. समग्र माडीको पर्यटन प्रबर्द्धनका लागि वृतचित्र प्रतियोगिता तथा भ्लगरहरूको सम्मेलन लगायतका पर्यटन प्रबर्द्धनका कार्य संचालन गरिनेछ।

१.४.८. कृषि पर्यटनलाई प्रमुख आधार बनाई कृषिजन्य उत्पादन र पर्यटकीय गन्तव्यस्थलको तस्वीरहरूलाई मायाको चिनोको रुपमा प्रयोग गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

१.४.९. माडी भित्र रहेका सुन्दर पार्कहरू, उद्यानहरू तथा बाटिकाहरूलाई स्तरीकरण गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।यसका लागि निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा विशेष जोड दिइने छ।

## १.५. ग्रामीण अर्थतन्त्रको आधारः सबल सहकारी

१.५.१. सहकारी संस्थाहरूको प्रवर्धनका लागि सहकारी स्तरीकरण प्रशिक्षण संचालन गरिनेछ।

१.५.२. सहकारी संस्थाहरूको जोखिम मूल्याङ्कन गरी जोखिममा रहेका सहकारीहरूको पहिचान गरिनेछ र नियमित अनुगमन प्रणालीलाई सुदृढ तुल्याइने छ ।

## १.६. लघुउद्यमः आत्मनिर्भरताको बाटो

१.६.१. गरिबी निवारणका लागि वडा नं. १ देखि वडा नं. ९ सम्म लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१.६.२. गत आर्थिक वर्षहरूमा सृजना भएका उद्यमीहरूको आवश्यकता पहिचानका आधारमा स्तरोन्नतिका लागि सीप विकास तालिम संचालन गरिने छ |

१.६.३. उद्यमीहरूले उत्पादन गरेको वस्तुहरूको बजारीकरण गर्नमा टेवा पुर्याइने छ | उद्यम व्यवसाय गर्न लागेका उद्यमीहरूलाई लघु वित्त पहुँच अभिवृद्धि गर्न सहजीकरण गरिने छ|

## २. सम्मानित सभाका सदस्यज्यूहरू, अब म सामाजिक विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

### २.१. स्वास्थ्य जीवन र आरोग्यताः सुखद जीवनको मूल भित्ता

२.१.१. माडी नगरपालिकाको हेल्थ प्रोफाईल निर्माण गरी योजना निर्माणमा उपयोग गरिने छ।

२.१.२. मानसिक स्वास्थ्य नीति निर्माण गरी सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

२.१.३. स्वस्थ आहार स्वस्थ व्यवहार अवधारणा अनुरुप पोषण मैत्री माडी निर्माण गर्ने नीति लागू गरिने छ।

२.१.४. स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न स्वमूल्याङ्कन, मूल्याङ्कन र सामाजिक परीक्षण गर्ने नीति अवलम्बन गरिने।

२.१.५. नसर्ने रोग नियन्त्रणको लागि सरकारी, गैरसरकारी, निजी सेवा प्रदायकसँगको सहकार्यमा घरदैलो स्वास्थ्य सेवा प्रदान गर्ने नीति अबलम्वन गरिने छ ।

२.१.६. बघौडा अस्पतालमा पोष्टमार्टम, आई.सि.यु., क्याविन सेवा जस्ता सेवा विस्तार गर्दै अन्य स्वास्थ्य संस्थाको रिफरल अस्पतालको रुपमा विकास गरिने छ ।बघौडा अस्पतालमा ब्लड बैङ्क स्थापना गरी संचालन गरिने छ।अस्पतालको कम्पाउण्डिङ गरी व्यवस्थित गरिनेछ ।

२.१.७. स्वास्थ्य संस्थाजन्य फोहोरको निर्मलिकृत गरी उचित विसर्जनको व्यवस्था मिलाइने छ।

२.१.८. महिला स्वास्थ्य स्वयंसेविकालाई उचित सम्मान र प्रोत्साहन गर्ने नीति लिइने छ ।

२.१.९. अल्ट्रा प्रोसेस्ट (पत्रु) खाना तथा कृत्रिम पेय पदार्थको विस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

२.१.१०. स्वास्थ्य बिमा कार्यविधि परिमार्जन गरी व्यवस्थित गरिने छ ।

२.१.११. सुर्ति तथा सुर्तिजन्य पदार्थको प्रयोग र विक्री वितरणलाई नियमन गरिने छ ।

२.१.१२. विद्यालय नर्स कार्यक्रम व्यवस्थित र सुदृढ गरिनेछ ।

२.१.१३. माडी आयुर्वेद औषधालयको सेवा विस्तार गर्ने नीति अवलम्बन गरिने छ ।

२.१.१४. एकीकृत स्वास्थ्य सेवाको अवधारणालाई अवलम्बन गर्न आवश्यक निति लिईने छ।

२.१.१५. नमुना वडा जडीबुटी खेती प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

२.१.१६. योग, ध्यान, प्रणायाम, व्यायाम र अध्यात्म जस्ता गतिविधि गर्दै नसर्ने रोगलाई नियन्त्रण गर्ने नीति लिईने छ।

## २.२. गुणस्तरीय शिक्षाः हाम्रो प्रतिवद्धता

२.२.१. "हामी सबैको प्रणः सार्वजनिक विद्यालयको सवलीकरण" भन्ने सोचलाई व्यवहारमा उतार्न सबै विद्यालयहरूमा भौतिक एवं शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र प्रविधि प्रयोगमा सुधार गरिनेछ।

२.२.२. आर्थिकरुपले विपन्न, सीमान्तकृत तथा लक्षित वर्गका विद्यार्थीहरूको शिक्षामा पहुँच विस्तार गर्न विशेष प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२.२.३. प्रारम्भिक बालविकास कक्षाहरूको लागि आवश्यक पर्ने खेल सामग्रीहरू प्रदान गरिने छ। दुई वर्षे प्रारम्भिक बालविकास कक्षाको धारणालाई सुनिश्चित गर्नका लागि शिक्षक र विद्यार्थीबीचको अनुपातलाई १:२५ कायम गर्न स्वयंसेवक शिक्षकहरूको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२.२.४. शिक्षकहरूको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यशालाहरूको सञ्चालन गरिने छ ।

२.२.५. हाल सञ्चालनमा रहेको सिकाइसँगै उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालयमा शिक्षकको कमीलाई सम्बोधन गर्न माडीका योग्य युवा शक्तिलाई स्वयंसेवक शिक्षककारुपमा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२.२.६. विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ । व्यवहारिक ज्ञान तथा जीवन सिकाइ शिक्षा लागु गरिनेछ ।

२.२.७. अनुगमन तथा सुपरीवेक्षण प्रणालीलाई थप सुदृढीकरण गर्दै स्वमूल्याङ्कनको अवधारणालाई प्रोत्साहन गरिनेछ।

२.२.८. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क बनाउने नीति अवलम्बन गरिनेछ ।

२.२.९. एक वडा एक खेलमैदानको अवधारणालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ। खेलकुदका लागि आवश्यक पूर्वाधार निर्माण गर्दै नगर, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरको खेल सञ्चालन तथा प्रतियोगिताहरूमा खेलाडीहरूलाई सहभागी गराइनेछ ।

२.२.१०. व्यक्तिको सर्वाङ्गीण विकासका लागि खेलकुद, योग र कसरतलाई जीवन पद्धतिसँग जोडिनेछ।

२.२.११. शारिरिक, मानसिक, सामाजिक र साँस्कृतिक विकासका लागि आवश्यक वातावरण निर्माणका लागि पहलकदमी गरिनेछ ।

२.२.१२. विद्यालयहरूमा बालमैत्री वातावरण निर्माणका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापनमा जोड दिइनेछ।

२.२.१३. युवामैत्री स्थानीय तह घोषणाका लागि आवश्यक पहलकदमी लिइनेछ ।

२.२.१४. प्रतिभा प्रस्फुटन शिक्षकहरूको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२.२.१५. खेल क्षेत्रको प्रवर्धनका लागि वडा स्तरीय एवं पालिका स्तरीय खेलकुद सञ्चालन गरिनेछ।

२.२.१६. पुरस्कार तथा सम्मानका कार्यक्रम मार्फत उत्कृष्ट सिकाइ स्तर हासिल गर्ने शिक्षकहरूको मनोबल उच्च बनाइनेछ ।

२.२.१७. सिकाइ कार्यक्रममा एकरुपता कायम गर्न नगरस्तरीय वार्षिक शैक्षिक कार्यपात्रो तयार गरिनेछ ।

२.२.१८. नगर स्तरीय स्काउट शिक्षकहरूको तालिम मार्फत विद्यार्थीहरूमा आवश्यक क्षमता विकास गर्दै विद्यार्थीहरूले प्राप्त गरेका ज्ञान, सीप तथा अनुभवलाई सामाजसँग जोडी सिकाइलाई दिगो र उत्पादनमुखी बनाउने नीति अवलम्बन गरिनेछ ।

२.२.१९. रमाईलो शुक्रवार कार्यक्रम मार्फत सिकाइ वातावरणलाई बालमैत्री बनाइनेछ ।

२.२.२०. एक विद्यालय एक कार्यक्रमको नारालाई आत्मसाथ गर्दै शैक्षिक सुदृढीकरणको नीतिलाई अवलम्बन गरिनेछ।

२.२.२१. विद्यार्थी अनुपातका आधारमा शिक्षकहरूको व्यवस्थापन गरिनेछ ।

२.२.२२. विद्यालयहरूलाई निश्चित मापदण्ड बनाई सञ्चालन तथा व्यवस्थापन खर्च उपलब्ध गराइनेछ।

२.२.२३. कक्षा ५ मा नगर स्तरीय स्तरीकृत परीक्षा सञ्चालन गरी सिकाइ उपलब्धिलाई थप सुदृढ तुल्याइनेछ ।

२.२.२४. विद्यालयका प्रधानाध्यापक छनौट कार्यविधि तयार गरी लागु गरिनेछ ।

२.२.२५. विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाई विद्यालयको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीलाई विद्यालयमा आई पढ्ने वातावरणको सुनिश्चितता गरिनेछ ।

२.२.२६. सामुदायिक विद्यालयहरूमा ई-लर्निङको प्रवर्धन, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा विस्तार गरिनेछ। शिक्षकहरूलाई डिजिटल शिक्षा विधिको तालिम प्रदान गरिनेछ। सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी जडान अनिवार्य गरी लागु गरिनेछ।

## २.३. खानेपानी तथा सरसफाईः सबैको हक, सबैको जिम्मेवारी

२.३.१. भूमिगत र सतही खानेपानीका श्रोतहरूको संरक्षण गर्दै माडी नगरका सबै खानेपानी संस्था तथा उपभोक्ता समितिलाई नगर खानेपानी व्यवस्थापन बोर्ड अन्तर्गत संचालन गर्न नीति ल्याईनेछ ।

२.३.२. "मुहान देखि मुख सम्म स्वच्छ खानेपानी" भन्ने नाराका साथ सुरक्षित खानेपानी बिस्तारका लागि पालिका र अन्य सरकारी तथा गैर सरकारी संघ/संस्थासँगको साझेदारीमा बिशेष जोड दिइनेछ तथा एक घर एक धारा नीतिको कार्यान्वयनमा तीब्रता ल्याइनेछ।

२.३.३. ल्याण्डफिल्ड साइड सेनीटरी पार्कका लागि जग्गा पहिचान गरि विस्तृत परियोजना रिपोर्टका आधारमा पूर्वाधार निर्माण गरी फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

२.३.४. अस्थायी सरसफाई केन्द्रको आवश्यक सुधारमा जोड दिइने छ।

## २.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः समग्र समाजको सबलीकरण

२.४.१. बालमैत्री स्थानीय शासनलाई स्थानीय तहमा बाल अधिकारको सुनिश्चितता गरी संरचना प्रणाली र कार्य प्रक्रियालाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ ।साथै बालमैत्री वडा तथा नगर घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४.२. बालबालिकाहरूको शारीरिक तथा मानसिक विकासका लागि पोषण मैत्री योजना तर्जुमा गरी आधारभूत सेवा सुविधाहरूको सुनिश्चितता गरिनेछ ।

२.४.३. बालबालिकाको हित बिरुद्ध हुने सबै प्रकारका हिँसाहरूको उन्मूलन गर्ने रणनीति बनाई कार्यान्वयनमा लगिनेछ।

२.४.४. बालविकास, बालसंरक्षण, बालसहभागिता तथा बालबचाउका लागि संस्थागत विकास गरी आवश्यक स्रोत तथा साधनहरूको सुनिश्चितता गर्ने प्रबन्ध मिलाईनेछ ।

२.४.५. बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल उद्यान र पार्क निर्माण गर्ने तथा क्षमता अभिबृद्धि गर्ने साथै आवश्यकताका आधारमा विशेष प्रकृतिका बालबालिकाहरूका लागि दक्षता विकासका योजनाहरू तय गरिनेछ।

२.४.६. विपन्न वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.४.७. ज्येष्ठ नागरिक बीच अन्तर्क्रिया, भलाकुसारी, मनोरञ्जन, ज्ञान, सीप र अनुभवको आदानप्रदान गर्ने Self Help Group निर्माण गर्ने थलोको रुपमा प्रयोग गर्ने गरी दिवा सेवा केन्द्र स्थापना गर्दै लगिनेछ ।

२.४.८. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिने छ ।

२.४.९. आदिवासी जनजाति र दलितहरूको परम्परागत पेशाको संरक्षण र प्रवर्धन गर्दै आयआर्जन तथा क्षमता विकासका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने छ।

२.४.१०. आदिवासी जनजाति र दलितहरूको लागि शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन गर्दै आत्मनिर्भर बनाउदै लगिनेछ ।

२.४.११. विपन्न आदिवासी जनजाती र दलितहरूको लागि सहयोग पुग्ने पूर्वाधार विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।साथै उनीहरूको भाषा, संस्कृति तथा भेषभुषा संरक्षण गरिनेछ।

२.४.१२. दलित र गैह्रदलितबिचको अन्तरजातीय विवाह गर्ने दम्पतीलाई सम्मान गर्ने नीति लिइनेछ।

२.४.१३. जातीय छुवाछुत अन्त्य गर्न छुवाछुत मुक्त वडा तथा पालिका घोषणा गर्ने नीति अबलम्वन गरिनेछ ।

२.४.१४. सबै प्रकारका हिंसाहरू अन्त्य गर्न खुसी प्रबर्द्धन तथा बहस, पैरवी तथा चेतनामुलक अभियान सरकारी तथा गैरसरकारी संस्थाहरूको समन्वयमा सञ्चालन गरिनेछ ।

२.४.१५. GESI रणनीति तयार गरी जेसी अडिट गर्नुका साथै सामाजिक समावेशीकरण सहितको लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक खण्डीकृत तथ्याङ्क र लैङगिक मूलप्रवाहीकरण सम्बन्धी आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।

२.४.१६. हिंसा पीडित महिलाको लागि सेफ हाउसको व्यवस्थापन, महिला समूहहरूको संजाल, सचेतना तथा क्षमता विकासका लागी आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने नीति लिईनेछ ।

२.४.१७. महिला सशक्तीकरणका लागि जनप्रतिनिधि तथा अगुवा महिलाहरूलाई कानुनी क्षमता विकास र नेतृत्व विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२.४.१८. महिला लक्षित विभिन्न दिवस, शिविर, परामर्श जस्ता लैंगिक समानता र महिला उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.४.१९. अपाङ्गता भएकाहरूका लागि क्षमता र सीप विकास गराई आयआर्जनमा जोड दिई आत्मनिर्भर बनाइनेछ ।

२.४.२०. अपाङ्गता मैत्री योजना तर्जुमा गरी आवश्यक कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।

२.४.२१. लक्षित वर्ग केन्द्रित स्वरोजगार, आयआर्जन तथा आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

२.४.२२. सीमान्तकृत, लोपोन्मुख र पिछडिएको वर्ग लक्षित क्षमता विकास, सशक्तीकरण र आयआर्जन गरिने रणनीति तयार गरी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाईनेछ।

२.४.२३. व्यक्तिगत घटना दर्ता शत प्रतिशत पुर्याउने उद्देश्यका साथ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक, प्रविधिमा आधारित जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२.४.२४. स्थानीय तहस्तरमा व्यक्तिको कानुनी पहिचान स्थापित गर्न, नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिको लागि व्यक्तिगत घटना दर्ता महत्त्वपूर्ण रहेकोले सो घटना दर्ता सम्बन्धी नागरिकस्तरमा जनचेतना अभिवृद्धि गर्न प्रत्येक वर्ष वैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२.४.२५. स्थानीय पञ्जिकाधिकारी तथा अन्य कर्मचारीहरूको क्षमता विकास गर्ने अभिमुखीकरण कार्यक्रम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरी सञ्चालन गरिने छ।

२.४.२६. लाभग्राहीहरूको बैंक खाता खोल्न तथा बैकसँग भत्ता वितरणको विवरण आदानप्रदान गर्न बैंक तथा वित्तीय संस्थाहरू बीच समन्वय गरी लाभग्राहीलाई सहज सेवा प्रदान गरिनेछ।

२.४.२७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले भत्ता नलिने स्व:घोषणा गरेमा सम्मान गरिनेछ ।

## २.५. माडी प्रज्ञा प्रतिष्ठानः माडीबासीको स्वाभिमान

२.५.१. माडी क्षेत्रको मौलिक भाषा, कला, साहित्य, इतिहास र संस्कृतिको संरक्षण र प्रवर्धन गरिनेछ।

२.५.२. माडी क्षेत्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको प्रवर्धन गरिनेछ। माडीमा बसोबास गर्ने सम्पूर्ण जातजाति तथा समुदायको सांस्कृतिक अभ्यास तथा अभौतिक सम्पदालाई संरक्षण र प्रवर्धन गरिनेछ ।

२.५.३. स्थानीय कलाकार, साहित्यकार, भाषाविद् र संस्कृतिकर्मीलाई सिर्जनात्मक योगदानका लागि प्रेरणा दिइनेछ।

२.५.४. माडी क्षेत्रका लोककथा, लोकगीत, नाचगान, परम्परागत ज्ञान आदिको अभिलेखीकरण र डिजिटलीकरण गरिनेछ।

२.५.५. थारु, मगर, चेपाङ्ग लगायतका स्थानीय भाषामा सिर्जनात्मक लेखन र पाठ्यसामग्री उत्पादन गरिनेछ।

२.५.६. माडीका स्थानीय भाषा, संस्कृति, साहित्य र कला सम्बन्धी विषयवस्तु विद्यालयस्तरमा समावेश गरिनेछ।

२.५.७. माडी प्रज्ञा प्रतिष्ठानलाई सशक्तीकरण गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ३. सम्मानित नगर सभाका सदस्यज्यूहरू, अब म पूर्वाधार विकास विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु।

### ३.१. दिगो विकासको मूल आधारः सुरक्षित बलियो पूर्वाधार

३.१.१. माडी नगरपालिका भित्रका सबै सडकहरूको वर्गीकरण गरी भित्री सडकहरूको नाला सहित कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिदै चलनचल्तीमा आएका सडकहरूलाई लगत कट्टा गर्न सम्बन्धित निकायमा पहल गर्ने नीति लिइनेछ । माडी नगरपालिकाको डिजिटल नगर यातायात गुरुयोजना (GIS Based MTMP) लाई कार्यान्वयनमा ल्याईनेछ। दिगो विकासका लागि पूर्वाधार निर्माण गुरुयोजना तयार गरी लागू गरिनेछ।

३.१.२. निर्माण कार्यलाई सहज, सरल, दिगो र प्रभावकारी बनाउन उपभोक्ताको जनश्रमदान वा लागत सहभागितालाई १० प्रतिशत निरन्तरता दिइने छ। प्रत्येक सम्पन्न योजनाको रेखदेख, संरक्षण र मर्मत सम्भार समेतका लागि टोल विकास संस्थालाई जिम्मेवार तुल्याइने छ ।

३.१.३. माडी नगरपालिका भित्र रहेको सार्वजनिक जग्गाको तथ्याङ्कलाई सुचीकृत गरी त्यसलाई जगेर्ना तथा उचित सार्वजनिक उपयोग गर्नका लागि सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कानुन बनाउनुका साथै सार्वजनिक घर, पाटीपौवा, चौताराको संरक्षण गर्ने नीति लिइनेछ।

३.१.४. वार्षिक खरिद योजना बनाई योजना समयमा सम्झौता र सम्पन्न गर्न जोड दिइनेछ ।

३.१.५. आर्थिक रुपमा विपन्न, दलित, चेपाङ्ग, बोटे र लक्षित वर्गलाई सुरक्षित नागरिक आवास निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

३.१.६. यस आर्थिक वर्षबाट नयाँ घर तथा भवन निर्माण गर्दा घरनक्सा पास प्रक्रियालाई लागु गर्नका लागि वडा तथा नगरपालिकाबाट विद्युत सिफारिस लगायत अन्य सिफारिस दिँदा घरनक्साको प्रमाणपत्र वा घर नक्सा अभिलेखीकरण प्रमाणपत्रलाई अनिवार्य गरिनेछ ।

३.१.७. एक नदी एक परियोजना कार्यक्रमको थालनी गर्न पहल गरिने छ।

३.१.८. फिल्ड निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाउन मासिक कार्य तालिका कार्यान्वयनमा ल्याइने छ ।

३.१.९. संघीय सरकारसंगको समन्वयमा राष्ट्रिय भूमि आयोग मार्फत् भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई आवश्यक व्यवस्थापन गरिनेछ ।

३.१.१०. सिञ्चाईका लागि डिप बोरिङ्ग र पाईप लाईनिङ्ग कार्यलाई निरन्तरता दिंदै सतही सिञ्चाई भएका कुलो मुहानलाई मर्मत संभार तथा निर्माण गरी दिगो सिंचाई अवधारणालाई प्रयोगमा ल्याइनेछ र ६ इन्च भन्दा माथिका बोरिङ्गको अभिलेखीकरण तथा सञ्चालन गर्ने कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

३.१.११. पालिका तथा वडास्तरमा संचालन गरिने साना सिञ्चाईको लागत अनुमान र भुक्तानीको प्रक्रियालाई एकरुपतामा ल्याउन यस पालिकाको "साना सिञ्चाई संचालन कार्यविधि, २०७७" मा आवश्यक संशोधन गरी कार्यान्वयनमा ल्याइने छ।

३.१.१२. नगरपालिकाभित्र रहेका हेभी इक्युप्मेन्ट र ढुङ्गा तथा बालुवा प्रशोधन प्लान्टको व्यवस्थित ढङ्गबाट सञ्चालन गरिनेछ।

३.१.१३. योजना कार्यान्वयनलाई पारदर्शी बनाउन योजना सूचना पाटीलाई अनिवार्य राख्ने कार्यलाई निरन्तरता दिइने छ ।

३.१.१४. संघीयतालाई आत्मसाथ गर्दै प्रत्येक टोल/समुदायलाई योजना छनौट गर्न लगाई सोही बमोजिम अल्पकालीन, दीर्घकालीन योजना बनाउन प्रोत्साहन गरिनुका साथै नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा धेरै जनसंख्या र भूगोल समट्ने गरी ठुलो आयोजना निर्माण गर्न प्रोत्साहित गरिने छ।

३.१.१५. दिगो विकासको लागि टुक्रे योजनालाई निरुत्साहित गरी ठुला योजनालाई प्रोत्साहित गरिनेछ।

३.१.१६. माडीका सबै वडालाई जोड्ने गरी माडी चक्रपथको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ।

३.१.१७. भौगोलिक अवस्थालाई मध्य नजर गर्दै बृहत् तटबन्धन सहितको रिउ करिडोर निर्माणका लागि डी.पी.आर. तयार गरी कार्य संचालन गर्न पहल गरिनेछ।

३.१.१८. भौतिक पूर्वाधार निर्माण कार्यमा ठेक्का प्रक्रियालाई जोड दिइनेछ ।आयोजना कार्यान्वयन प्रक्रियालाई सहज, व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउन उपभोक्ता समितिका पदाधिकारी र निर्माण व्यवसायीहरूलाई अभिमुखीकरण कार्यक्रम संचालनमा ल्याईनेछ।

३.१.१९. माडी नगरपालिका भित्र रु.५लाख भन्दा माथिका आयोजनाको भौतिक निर्माण कार्य गर्दा अनिवार्य रुपमा ५ वटा फलफूलका बिरुवा रोप्ने नीति अवलम्बन गरिने छ ।

३.१.२०. भौतिक निर्माण कार्यको गुणस्तर चेकजाँच गर्न आवश्यक पर्ने चेकजाँच सामग्री व्यवस्थापन गरिनेछ ।

३.१.२१. सार्वजनिक निजी लागत साझेदारी अवधारणामा योजना तथा कार्यक्रमहरू संचालन गरिनेछ।

३.१.२२. निर्माण सम्पन्न भएका पूर्वाधारलाई दिगो व्यवस्थापनका लागि एकीकृत मर्मत सम्भार कोष स्थापना गरिनेछ।मर्मत कोष संचालनका लागि यस सम्बन्धी कार्यविधि तयार गरी लागु गरिनेछ।

३.१.२३. अधुरो र अपुरा योजनाहरू क्रमशः श्रोत साधनको सम्भव्यता हेरी पुरा गर्ने नीति अबलम्बन गरिनेछ।

३.१.२४. पूर्वाधार क्षेत्रमा कार्य गर्ने कर्मचारीको क्षमता विकास तथा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ।

३.१.२५. थारु मौलिकता झल्किने घरहरूलाई संरक्षण र प्रवर्धन गर्नको लागि यस आ.व. मा निर्माण हुने त्यस्ता घरहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ । साथै एक टोल एक रङ्गको घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

३.१.२६. यस पालिकाभित्र सञ्चालित अटो सवारी साधन व्यवस्थित ढङ्गले चलाउन यस नगरपालिकामा सुचीकृत गराई उचित भाडा दर र रुट कायम गरिनुका साथै बगईमा रहेको माडी बसपार्कलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने नीति लिईनेछ ।

३.१.२७. स्थानीय भू-उपयोग नीति र मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३.१.२८. खुल्ला व्यायामशालाहरूको सामग्री आवश्यक स्थानहरूमा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३.१.२९. वितरणमुखी कार्यक्रमलाई निरुत्साहित गरी लागत सहभागितामा आधारित कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३.१.३०. नगरबाट निर्माण गरिने सरकारी तथा सार्वजनिक भवन (वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी)हरूमा एकरुपता ल्याउन कार्यविधि बनाई कार्यान्वयनमा ल्याइने छ ।

## ४. नगर सभाका सदस्यज्यूहरू, अब म वन, वातावरण तथा विपद् व्यवस्थापन विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रमहरू पेश गर्न अनुमति चाहन्छु ।

### ४.१. विपद् जोखिम न्यूनीकरण गरौः जलवायु सन्तुलन कायम राखौ

४.१.१. विपद् तथा वातावरण व्यवस्थापनका लागि दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्ने गरी योजना तर्जुमा तथा नीति निर्माण गरिनेछ । विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ |

४.१.२. विपद् बाट हुने क्षतिलाई कमी गर्न विपद् न्यूनीकरण सम्बन्धी सचेतना र विपद् आउनु पूर्व नै अल्पीकरण र उत्थानशीलता जस्ता कार्यक्रम संचालन गरिनेछ ।

४.१.३. विपद् बाट हुने क्षतिको राहत वितरण कार्य विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०८० (पहिलो संसोधन सहित ) अनुसार हुने गरी कार्यान्वयन गरिनेछ साथै समयानुकुल सुधार गर्दै लगिनेछ |

४.१.४. विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक विपद् पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभ जस्ता योजना बनाई कार्यान्वयनमा ल्याईनेछ।

४.१.५. वातावरणमैत्री स्थानीय तहको अवधारणापत्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

४.१.६. विपद् व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक, गैरसरकारी एवम् निजी क्षेत्रसँगको सहयोग, समन्वय तथा सहकार्य गरी कार्य सम्पादन गरिनेछ ।मानव तथा वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

४.१.७. विपद् सम्बन्धी कार्य संचालन गर्न स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) का लागि कार्यसञ्चालन कार्यविधि (SOP) तर्जुमा गरी थप स्तर उन्नति गरी स्रोत साधन सम्पन्न बनाइनेछ | विपद् सम्बन्धी कृत्रिम अभ्यास कार्यक्रम संचालन गरिनेछ ।

४.१.८. वडा स्तरिय विपद् समितिलाई सक्रिय गराई क्षमता विकासका साथै विपद् सम्बन्धी आवश्यक स्रोत साधनको व्यवस्था मिलाइनेछ ।

४.१.९. माडीका उच्च जोखिमयुक्त खहरेखोलाहरूमा भूक्षय नियन्त्रणका लागि बायोइन्जिनियरिंग र तटबन्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१.१०. सार्वजनिक जग्गा पहिचान गरी कृत्रिम पोखरी निर्माण तथा हरियाली परियोजना संचालन गरिनेछ |

४.१.११. स्थानीय विपद् व्यवस्थापनका लागि विपद् स्वयंसेवक व्युरो गठन र परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

४.१.१२. चौतारा संरक्षण र मलामीघर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४.१.१३. विपदमा एकद्धार नीति लिई विपद् व्यवस्थापन कोषलाई थप सबलीकरण गर्दै लगिनेछ।

४.१.१४. विपद् व्यवस्थापनका लागि Early Warning System को सुदृढिकरण र स्थापनामा जोड दिइनेछ ।

४.१.१५. विपद् सूचना प्रणालीलाई आधुनिक सूचना प्रणालीमा आधारित तुल्याइने छ ।

४.१.१६. भू-उपयोग योजना बनाई वडास्तरको जोखिम नक्शाङ्कन गरी विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

४.१.१७. नगर तथा वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि अत्यावश्यक सामाग्रीहरूको सहज उपलब्धताको व्यवस्था मिलाइने छ ।

४.१.१८. महामारी तथा सरसफाई र खानेपानी सम्बन्धी विपद् न्यूनीकरण र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५. सम्मानित सभाका सदस्यज्यूहरू, अब म संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रतर्फको नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

### ५.१. सुशासन तथा प्रशासन सुधारः नागरिक सन्तुष्टिको आधार

५.१.१. कुल लागत अनुमान रु. ५ लाखसम्म भएको योजना सम्झौता वडा कार्यालयबाट वडा सचिवले गर्ने व्यवस्था मिलाइने छ ।

५.१.२. पालिका तथा वडास्तरमा संचालन गरिने प्रत्येक कार्यक्रमको सुरुवात कार्यक्रममा खर्च गरिने प्रत्येक क्रियाकलापको लागत सार्वजनिकीकरण गर्ने कार्यबाट सुरुवात गर्ने प्रबन्ध मिलाइने छ ।

५.१.३. नगरपालिकामा कार्यरत जनशक्तिहरूको कार्यविवरण तयार गरी सेवाग्राहीमैत्री सेवा प्रवाहका लागि कार्यसम्पादन सम्झौता गरिनेछ ।

५.१.४. "सबल र सक्षम स्थानीय सरकार घरघरमा सिंहदरबार" भन्ने मूलमन्त्रको सार्थकताका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि नेतृत्व विकास, नीति निर्माण र परियोजना व्यवस्थापन तथा सेवा प्रवाह लगायतका क्षमता विकास तालिमहरू संचालन गरी सक्षम बनाउँदै लगिनेछ ।

५.१.५. वित्तीय अनुशासन कायम गराई खर्च कटौती गर्दै चालु खर्च घटाएर पुँजीगत खर्चमा वृद्धि गर्दै लगिनेछ। खरिद प्रक्रियालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउन खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाइ लागु गरिनेछ ।

५.१.६. वित्तीय अनुशासन कायम राख्न आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गर्नुका साथै सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता क्रियाकलाप संचालन गरिने छ।

५.१.७. नगरपालिकाले अङ्गीकार गरेको विधायकी, कार्यकारिणी र न्यायिक असल अभ्यासहरूलाई संस्थागत गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ तुल्याइनेछ ।

५.१.८. सेवाप्रदायकलाई सेवाग्राही प्रति उत्तरदायी तुल्याउन क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह मापदण्ड कार्यान्वयनमा ल्याईने छ ।

५.१.९. उपभोक्ता समिति, अमानत एवं निर्माण व्यवसायीहरूबाट हुने योजना तथा कार्यक्रमहरूको गुणस्तरीयता परीक्षणको उचित प्रबन्ध मिलाइने छ ।

५.१.१०. छिटोछरितो न्याय सम्पादनको लागि न्यायिक समितिले विवादको निरुपण गर्दा मेलमिलापको प्रक्रियालाई बढी प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

५.१.११. आम नागरिक तथा लगानीकर्ताले अपेक्षा गरेको वैज्ञानिक कर प्रणालीलाई संस्थागत गर्न र सुदृढ राजश्व प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा वढाउन राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा ल्याईने छ।

५.१.१२. नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोष खातामा अनिवार्य जम्मा गराइने छ ।

५.१.१३. सबै सामुदायिक वन उपभोक्ता समितिलाई वन पैदावारको विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना बनाई नगरपालिकामा स्वीकृतिका लागि पेश गर्न अनिवार्य गराईनेछ |

५.१.१४. करको दायरामा नआएका उद्योग व्यवसायहरूले २०८२ पौष मसान्त भित्र दर्ता हुन आएमा विशेष छुटको व्यवस्था मिलाइनेछ ।

५.१.१५. उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ । करदाता शिक्षा कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिने छ ।

५.१.१६. विकास र सेवा प्रवाहमा सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

५.१.१७. जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि अन्तर पालिकास्तरीय सिकाई आदानप्रदान कार्यक्रममा सहभागी गराईनेछ ।

५.१.१८. समय समयमा एकीकृत घुम्ती सेवाहरू सञ्चालन गरिनेछ ।

५.१.१९. सेवा गुणस्तर निगरानीका लागि छड्के जाँच तथा गुप्त अनुगमन पद्धति अवलम्बन गरिनेछ।

५.१.२०. कर्मचारीहरूको विद्युतीय हाजिरी प्रणालीलाई अनिवार्य गरी विद्यालयसम्म विस्तार गरिने छ।

५.१.२१. नगरपालिकाको संस्थागत सुदृढीकरणका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणमा आवश्यक पुनरावलोकन गरिने छ ।

५.१.२२. लेखा समितिलाई सक्रिय बनाई गत आर्थिक वर्षका बेरुजु फछ्र्यौट गर्न फोकल पर्सन तोकी पुराना बेरुजुहरू फछ्र्यौट गर्ने नीति लिइने छ ।

५.१.२३. योजना अनुगमन समितिलाई योजना तर्जुमा दिग्दर्शन बमोजिम परिमार्जन गरिनेछ ।

५.१.२४. नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन मौद्रिक एवं गैरमौद्रिक प्रोत्साहनको व्यवस्था मिलाईने छ । कर्मचारीहरूको मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ । करार सेवाका कर्मचारी तथा ज्यालादारी श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ । हनुमानझुलामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको मनोबल उच्च बनाउन विशेष प्रोत्साहन सुविधा प्रदान गरिने छ ।

५.१.२५. कार्यपालिकामा विषयगत समितिहरूको कार्यसम्पादन सुदृढीकरणका लागि संस्थागत क्षमता विकास तालिम संचालन गरिने छ ।

५.१.२६. टोल विकास संस्थालाई क्षमता विकास कार्यक्रम संचालन गरी थप सबलीकरण गर्दै लगिनेछ ।

## ५.२. प्रविधिमैत्रीः डिजिटल नगर

५.२.१. "डिजिटल माडी फ्रेमवर्क" तयार गरी नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने छ । नगरपालिकाको नागरिक वडापत्रलाई डिजिटल रुपमा तयार गरिनेछ ।

५.२.२. सूचना माग्ने र पाउने आम नागरीकको नैसर्गिक अधिकार भएकाले नगरपालिकाले आफ्नो गतिविधिलाई स्थानीय पत्रिका, एफ्.एम्. रेडियो र टेलिभिजन मार्फत् प्रकाशन, प्रसारण तथा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

५.२.३. नगरपालिका तथा वडा कार्यालयको सम्पूर्ण निर्णय, बजेट, योजना तथा खर्च विवरण नियमित रूपमा वेबसाइट र आधिकारिक फेसबुक पेज हेल्लो माडी नगरपालिकामा प्रकाशन गरिनेछ। "One Click Madi" प्रणालीको सुरुवात गर्दै कागज मुक्त कार्यालय बनाउन सुरुवात गरिनेछ ।

५.२.४. ई-सेवालाई विस्तार गर्दै ई-पालिका पोर्टल, मोबाइल एप्लिकेशन, एसएमएस अलर्टद्वारा सेवा विस्तार तथा सेवाग्राहीको घरबाटै सेवाका लागि अनलाईन आवेदन, भुक्तानी र ट्र्याकिंगको व्यवस्था मिलाउने कार्यको सुरुवात गरिने छ ।

५.२.५. नगरपालिका तथा वडा कार्यालयहरूमा दर्ता चालनी प्रक्रियालाई सूचना प्रविधि विभागबाट संचालित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GOIMS) मार्फत व्यवस्थित बनाइने छ।

५.२.६. महत्वपूर्ण सार्वजनिक स्थानहरू, बजार क्षेत्रहरूमा विद्युतीय ब्याकअप सहितको CCTV जडान गरिनेछ ।

५.२.७. युवाहरूलाई लक्षित गर्दै "ICT Innovation Lab" स्थापना गरिनेछ । कोडिङ, ग्राफिक्स डिजाइन, मल्डिमिडिया, मोनिटाईजिङ्ग, मोबाइल एप विकास लगायतका विषयमा तालिमहरू दिइनेछ। स्थानीय IT उद्यमी तथा स्टार्टअपहरूलाई विशेष सहयोग कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**नगर सभाका सदस्यज्यूहरू,**

अन्ततः, माडी नगरपालिकाको समृद्धि र विकासका लागि संघीय सरकार, प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दलहरू, संघ संस्थाहरू, अन्तर्राष्ट्रिय सहयोगी संस्था, पत्रकारहरू तथा सम्पूर्ण सरोकारवालाहरूबाट सहयोग, सहकार्य र समन्वयको अपेक्षा राख्दछु । माडी नगरको प्रगतिमा सक्रिय योगदान पुर्याउने सबै राजनीतिक दलहरू, सरकारी निकायहरू, उद्योग वाणिज्य संघ, नागरिक समाज, बौद्धिक वर्ग लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम कार्यान्वयनमा निरन्तर समन्वय, सहयोग र सद्भावना रहने विश्वास लिएको छु । नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुर्याउनुभएका सम्पूर्ण संघसंस्था, बुद्धिजीवी, सरोकारवाला, नागरिक समाज, जनप्रतिनिधि एवं कर्मचारीप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।